नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (विकास सहायता समन्वय शाखा)

प.सं. २०७५/०७६ (विसस) चलानी संख्याः: ३९८

मिति २०७५/१०/१६

विषयः भारतीय सरकारको साना विकास परियोजना परिचालन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

भारतीय सरकारको साना विकास परियोजना परिचालनमा यस मन्त्रालयको मिति २०७५/५/७ को निर्णयले भएको व्यवस्थामा केही परिमार्जन गरी तपसिल बमोजिमको व्यवस्था गरिएको हुदाँ सोही बमोजिम आयोजना/योजना/कार्यक्रम माग गर्न हुन नेपाल सरकार (सचिवस्तर)को मिति २०७५/१०/१६ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

क) भारतीय सरकारबाट प्रदान हुने साना विकास परियोजना अन्तर्गत पेश गर्न सकिने योजना/कार्यक्रमहरुका क्षेत्रहरुः

१ सडक तथा सडक पुल निर्माण (नयाँ सडक निर्माण (Tract Opening) तथा माटो पुर्ने काम बाहेक),

२ ग्रामीण विद्युतिकरण, लघु जलविद्युत, प्रसारण लाईन निर्माण तथा सडक सौर्यबत्ती,

३ सामुदायिक विद्यालय भवन , प्रारम्भिक बालविकास केन्द्र (ECD), नगर पुस्तकालय सम्वन्धी पूर्बाधार,

४ अस्पताल , स्वास्थ्य चौकी , योग केन्द्र, रक्त संचार केन्द्र र प्रस्तुती केन्द्र (Birthing Centre),

५ फोहरमैला प्रशोधन केन्द्र,

६ खानेपानी आयोजना र

७ धार्मिक, सामाजिक तथा सांस्कृतिक पूर्वाधार

ख) प्रस्तावित आयोजनाहरुमा सम्बन्धित स्थानीय तहको कम्तिमा पनि २० प्रतिशत लागत साझेदारी हुनुपर्ने ।

ग) आयोजनाको कुल लागत (स्थानीय तहको लागत साझेदारी, मूल्य अभिवृद्धि कर, कन्टिजेन्सी, वातावरण जस्ता खर्च सहित) अधिकतम रु. ५ करोडको सीमा भित्र रहनु पर्ने ।

घ) आयोजनाहरुको प्रस्ताव पेश गर्दा निम्न कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने

१ आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR),

२ सम्बन्धित स्थानीय तहको लागत साझेदारीको प्रतिवद्धता सहितको सम्वन्धित गाँउ/नगर कार्यपालिकाको निर्णय तथा औपचारिक पत्र र

३ पूर्वाधार निर्माणका लागि आवश्यक जग्गाको उपलब्धता सुनिश्चित भएको प्रमाण

लिलाराज काफ्ले

शाखा अधिकृत

बोधार्थ

श्री अर्थ मन्त्रालय,

अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरवार काठमाडौः ताहाँ मार्फत भारतीय दूतावासमा समेत जानकारी पठाउन हुन ।

श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पत्र मन्त्रालयको वेवमा प्रकाशन गर्न हुन ।